# मिक्लाजुङ गाउँपालिका

# विनियोजन ऐन: २०७७

मिक्लाजुङ गाउँपालिकाको विनियोजन ऐन २०७७/०७८

**गाउँसभाबाट स्वीकृत मिति: २०७७/०३/०९**

**मिक्लाजुङ गाउँपालिका**

# पाँचथर

## मिक्लाजुङ गाउँपालिकाको विनियोजन ऐन, २०७७

**मिक्लाजुङ गाउँपालिकाको आर्थिक बर्ष २०७७/२०७८ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,**

**सभाबाट स्वीकृत मितिः २०७७/०३/०९**

**प्रस्तावनाः** मिक्लाजुङ गाउँपालिकाको आर्थिक बर्ष २०७७।०७८ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२)बमोजिम मिक्लाजुङ गाउँसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः (१)** यस ऐनको नाम **"मिक्लाजुङ गाउँपालिकाको विनियोजन ऐन, २०७७"** रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०७६।०७७ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०७७।०७८ को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगतशाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ४६,२२,६७,६८६ ।- (अक्षरेपी छयालीस करोड बाइस लाख सठ्साठी हजार छ सय छयासी रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः (१)** यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७७।०७८ को निमित्त मिक्लाजुङ गाउँपालिकाको गाउँकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ ।

२) आन्तरीक आम्दानी निर्दिष्ट गरिएभन्दा बढी संकलन भएमा सोको बाँडफाड सोही आर्थिक वर्षमा गाउँ कार्यपालिकाबाट निर्णय गराई रकम विनियोजन गरी खर्च गर्न सकिनेछ ।

मिक्लाजुङ गाउँपालिकाको विनियोजन ऐन २०७७/०७८

# अनुसूचि-१
## (दफा-२ संग सम्बन्धित)
## नेपालको संविधानको धारा २२९ (२) बमोजिम
## संञ्चित कोषबाट विनियोजन हुने रकम

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | वित्तिया व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँ कार्यपालिका | ४९,०५३,६८६ | १२३,६५०,००० | | १७२,७०३,६८६ |
| २ | | वडा समिति | ६,८००,००० | ४०,०६४,००० | | ४६,८६४,००० |
| ३ | | बिषयगत शाखा | १८१,१६२,००० | ६१,५३८,००० | | २४२,७००,००० |
| ४ | | ऋणको साँवा व्याज भुक्तानी | ० | ० | ० | ० |
| ५ | | लगानी (शेयर/ऋण) | ० | ० | ० | ० |
| | | **कुल जम्मा** | **२३७,०१५,६८६** | **२२५,२५२,०००** | **-** | **४६२,२६७,६८६** |

मिक्लाजुङ गाँउपालिकाको विनियोजन ऐन २०७७/०७८